## मिति २०८२।१०।२२ गते

## गाउँकार्यपालिकाको त्रिहत्तरौं बैठकका प्रस्तावहरु:

१. प्रगती समिक्षा सम्बन्धमा ।

२. LoCAL परियोजनाका योजना र बजेट विनियोजन सम्बन्धमा ।

३. सडक बोर्ड तर्फको योजना छनौट सम्बन्धमा ।

४. राष्ट्रिय रोजगार कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा ।

५. निजि जग्गाको IEE प्रतिवेदन स्वीकृत र उत्खनन अनुमति सम्बन्धमा ।

६. आर्थिक सहायता सम्बन्धमा।

७. बिबिध सम्बन्धमा।

- जनता मा.वि. को घरभाडा सम्बन्धमा स्थानीयको निवेदन सम्बन्धमा
- विधालय रंगरोगन सम्बन्धमा ।
- गनाहा बस्ती सम्बन्धी पत्र सम्बन्धमा ।
- स्वयंसेवक परिचालन सम्बन्धमा ।
- योजना संशोधन सम्बन्धमा ।
- योजना मर्मत संभार सम्बन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झक्क बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## बैठक संख्या-७३
## मितिः २०८२।१०।२२ गते
## गाउँकार्यपालिकाको त्रिहत्तरौं बैठकका निर्णयहरु

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१०।०९ गतेको वैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। साथै वडा कार्यालय, शाखाहरु र शाखाहरुबाट हाल सम्म भएको प्रगतिको अवस्थाको विषयमा जानकारी भयो ।

**निर्णय नं. २ LoCAL परियोजनाका योजना र बजेट विनियोजन सम्बन्धमा ।**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको चालु आ.व २०८२।०८३ वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत कार्यसम्पादनमा आधारित स्थानीय जलवायु अनुकूलनका क्रियाकलापहरु कार्यान्वयन (LoCAL Project) शिर्षकमा विनियोजित वजेट रु. १,५७,००,०००/-बाट निम्न योजना तथा कार्यक्रमहरु आगामी गाउँसभाबाट अनुमोदन हुने गरी योजना र बजेट बाँडफाँड गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.म. | योजना तथा कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बसेनीदमार रिचार्ज पोखरी निर्माण र सिचाईकुलो मर्मत योजना | बसेनी दमार सामुदायिक क्षेत्र वन-वडा नं. १ | ३५,००,००० | |
| २ | जैविक मल उत्पादन योजना | बसेनी दमार र बगाले सामुदायिक क्षेत्र वन-वडा नं. १ र २ | २५,००,००० | |
| ३ | विपद प्रभावित समुदायको लागि वहुउद्देशिय भवन/हल निर्माण योजना | वडा नं. ६, बुढिचौर | ४०,००,००० | |
| ४ | विपद प्रभावित समुदायको लागि वहुउद्देशिय भवन/हल निर्माण योजना | वडा नं. ५, जस्पुर | ३०,००,००० | |
| | जम्मा | | १,३०,००,००० | |

प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्युठान लुम्बिनी प्रदेश नेपाल

अध्यक्ष



CamScanner

विक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५ | परियोजनाको तयारी प्रयोजनका लागि | | १५,७०,०००/- | |
| ६ | क्षमता विकासको लागि | | ११,३०,०००/- | |
| | कुल जम्मा | | १,५७,००,०००/- | |

**यस परियोजनाले परियोजनाको तयारी तथा क्षमता विकासबाट गर्नु पर्ने कामहरु:**

- मध्यमकालिन खर्च संरचना निर्माण
- आवधिक योजनाको समिक्षा र अध्यावधिक
- फोहरमैला व्यवस्थापन सम्बन्धि पूर्वसम्भाब्यता अध्ययन
- जैविकमल उत्पादन र बजारीकरण अध्ययन
- उपभोक्ता समितिहरुको अभिमूखीकरण र विभिन्न तालिम
- सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण
- वातावरणीय अध्ययन
- बार्षिक प्रतिवेदन तथा समिक्षा कार्यक्रम
- जलवायु अकुलन योजनाहरुको तथ्यांक संकलन, जलवायु अनुकूलन जोखिम अध्ययन,
- जलवायु अनुकूलन र यसको प्रभावको बारेमा युवा समूहहरुलाई अभिमुखीकरण

**निर्णय नं. ३ सडक बोर्ड तर्फको योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव नं.३ माथि छलफल गर्दा सडक बोर्ड तर्फ यस गाउँपालिकामा चालु आ.ब.मा सडक निर्माण/मर्मत कार्यका लागि रु. ७,६०,०००/- विनियोजन भएकोले सो बजेट कार्यान्वयनको लागि भोम्पाली घुम्टी देखी भुल्के घुम्टी मो.बा. मर्मत योजना छनौट गर्ने र यस गाउँपालिकाले नियमानुसार बेहोर्ने पर्ने साझेदारी रकम रु ३,३०,०००/- यस गाउँपालिकाको सडक बोर्ड नेपाल कार्यक्रम साझेदारी रकम शिर्षकबाट बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ राष्ट्रिय रोजगार कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा ।**

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको चालु आ.ब.को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत विनियजित बजेट र गाउँपालिकाले राष्ट्रिय रोजगार कार्यक्रममा साझेदारी शिर्षकबाट विनियोजित रकमबाट कार्यन्वयन गर्ने गरी तपशिलका योजना संशोधन सहित बजेट बाँडफाड गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल:

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

विक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

## राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

| क.स. | योजनाको नाम | वडा नं | श्रमिक संख्या जना | रा. रो. ज्याला रकम | गाउँपालिकाको साझेदारी रकम रु. निर्माण सामग्री रकम रु. | गाउँपालिकाको साझेदारी रकम रु. ज्याला रकम रु. | वडा सिलिङ रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुलो निर्माण (तित्रिबाँझ, धाद्रा, खोलापारी, ढाव सिचाई कुलो) | १ | ४ | २८३५०४ | १८७९० | १९२१० | २००००० | ५२१५०४ | संशोधित योजना |
| २ | बाँध र कुलो निर्माण (बोधनेखोला, खन्टारटोल कुलो, छहरे बाँध २ वटा) | १ | ६ | ४२५३०० | १८४५२७ | ११५४७३ | १९६००० | ९२१३०० | संशोधित योजना |
| ३ | आटिटार कृषि सडक निर्माण | १ | ४ | २६०३९६ | ४२६८३० | २०३४७० | १२५००० | १०१५६९६ | संशोधित योजना |
| ४ | भुताहा खोला देखि स्वास्थ्य केन्द्र मो.बा. स्तरउन्नति | २ | ५ | ३३४००० | २७९०१० | २६५१० | ० | ६३९५२० | |
| ५ | बुडो चौपारी कालीमाटी मो.बा. पक्की नाली निर्माण वडा नं ३ गोठेरी | ३ | ३ | २००००० | २००००० | ० | ० | ४००००० | |
| ६ | विराहा सिंचाई कुलो निर्माण हंसपुर | ३ | ६ | ४००००० | ३५५७०० | ४४३०० | ० | ८००००० | |
| ७ | गढी ढाव मो.बा. स्तरउन्नती | ४ | ४ | २६७२०० | ३०४४०० | ० | ० | ५७१६०० | |
| ८ | कल्पना, लुकलके बाल विकास भौतिक पूर्वाधार निर्माण योजना | ५ | ६ | ४००८०० | ३२७४५० | ६५४३० | ० | ७९३६८० | |
| ९ | धैरेखपटे सिढि तथा रेलिङ निर्माण सरुमारानी ६ | ६ | ६ | ४००८०० | ४२८९०० | ० | ० | ८२९७०० | |

नोटः यस गाउँपालिकाको चालू आ.ब. २०८२।०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. १ को बजेट किताबको सि.न. १८३ र १८४ मा रहेको योजना तथा बजेटलाई माथि टेबलको क.स. १, २ र ३ अनुसार संशोधन गरी कार्यान्वयन गर्ने ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झंग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ५ निजि जग्गाको IEE प्रतिवेदन स्वीकृत र उत्खनन अनुमति सम्बन्धमा ।**

प्रस्ताव नं.५ माथि छलफल गर्दा यस गाउँपालिकाका यस गाउँपालिकाको वडा नं २ मा रहेका विभिन्न निजी जग्गाहरु सम्याइ खेतीयोग्य बनाउने तथा माछा पालनका लागि उपयोग गर्ने उदेश्यले तपशिल बमोजिमका निजी जग्गाहरुमा रहेको ढुङ्गा गिट्टी र मिस्कट उत्खनन् गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित परिमाणका आधारमा विभिन्न व्यक्तिहरुले अनुमति माग भएकोले ढुङ्गा गिट्टी र मिस्कट उत्खनन् तथा व्यवस्थापनको अनुमतीका लागि IEE प्रतिबेदन सहित लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यबस्थापन कार्यविधि, २०७५ को दफा १२(४) अनुसार जिल्ला अनुगमन समिति, प्यूठानमा सिफारिस गर्ने निर्णय गरियो ।

<u>तपशिलः</u>

**उत्खनन गर्ने आवश्यक क्षेत्रको नाप**

| Section | जग्गा धनी | लम्वाइ (m) | चौडाइ (m) | उचाइ m | जम्मा परिमाण | उत्खनन् योग्य परिमाण (घन मि.) |
|---|---|---|---|---|---|---|
| **Bhulke 1** | Krishna Bahadur Bhusal<br>**(कि.न. १६०२)** | ६५ | २२ | १<br>(०.८ तय १.२) | १४३० | ८५८ |
| **Bhulke 2** | Tara Bahadur G.C<br>**(कि.न. १३१२,१३१३ र ६२५)** | ७१ | २३ | १<br>(०.८ तय १.२) | १६३३ | ९७९.८ |

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झंग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष



CamScanner

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झंग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| सि. न. | स्थान | अवस्थिति स्थान घाट | उत्खनन गर्ने आवश्यक क्षेत्रको नाप | | | | | | | उत्खनन निकासी गरिने परिमाण (घ.मि.) बार्षिक | नदीजन्य पदार्थको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लम्बाइ (मि.) | औसत चौडाई मि. | गहिराइ | औसत गहिराइ (मि.) | क्षेत्रफल (ब.मी.) | मौजदात परिमाण (घ.मी.) | उत्खनन योग्य परिमाण (घ.मी.) बार्षिक | | | |
| १ | गनाहा खोला | गनहामा कि न २०० को जग्गा (जमिर शाहा, वसन्त बहादुर जि.सी., महेन्द्र ब. के.सी. र बहादुर कर्ण के.सी.) | ११० | २८ | ०.६-१.२ | ०.९ | ३०८० | २७७२ | १५२४.६ | ५३८४१.२ | गिट्टी, मिस्कट, ढुङ्गा | |

| सि. न. | स्थान | अवस्थिति स्थान घाट | उत्खनन गर्ने आवश्यक क्षेत्रको नाप | | | | | | | उत्खनन निकासी गरिने परिमाण (घ.मि.) बार्षिक | नदीजन्य पदार्थको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लम्बाइ (मि.) | औसत चौडाई मि. | चौडाइ | औसत गहिराइ (मि.) | क्षेत्रफल (ब.मी.) | मौजदात परिमाण (घ.मी.) | उत्खनन योग्य परिमाण (घ.मी.) बार्षिक | | | |
| १ | बिरबार | मनिराम मर्साङ्गी कि न ८१ को जग्गा (सम्म्याउने कार्य) | ३५ | ३९ | ०.८-१.२ | १ | १७३६ | १७३६ | ९५४.८ | ३३९९८.८ | गिट्टी, बालुवा, ढुङ्गा | |

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झंग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ६ आर्थिक सहायता सम्बन्धमा।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयबाट तपशिलका संस्था/व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

- सरुमारानी गाउँपालिका वडा नं. ५ निवासी हुम वहादुर कामी र कालि कुमारी सुनारको छोरा विनबहादुर सुनारको दुर्घटना परी टाउकोमा गम्भिर चोट लागेकोले उपचारको लागि विपन्न असहाय सहायता कार्यक्रमबाट रु. १५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

- सरुमारानी गाउँपालिका वडा नं. १ को हिरे कामी र पम्फा वि.क.को छोरा डल्ले कामीको दुवै मृगौला फेल भएकोले उपचारको लागि रु. २५०००/- दिर्घरोग स्वास्थ्य सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

- सरुमारानी गाउँपालिका वडा नं २ ददेरी बस्ने मायाँ रानामगरको श्रीमान विकास रानामगरको दुवै मृगौला फेल भई उपचारको लागि दिर्घरोग स्वास्थ्य सहायता शिर्षकबाट रु. २५,०००/- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

- नेपाल मगर संघ जिल्ला कार्यसमितिको मिति २०८२/१०/२२ गतेको निवेदन अनुसार लुम्बिनी प्रदेश समितिको तेश्रो अधिवेशनको लागि अन्य संघसंस्था सहयोग शिर्षकबाट रु. १५०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ बिबिध सम्बन्धमा।**

- **जनता मा.वि. को घरभाडा सम्बन्धमा स्थानीयको निवेदन सम्बन्धमा**
- सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०९।०९ गतेको निर्णय नं.८ को जनता मा वि वङ्गाडाको भवनको स्वामित्व सम्बन्धमा मिति २०८२।१०।२० मा ४ जना स्थानिय व्यवसायिले यस कार्यालयमा दर्ता भएका निवेदनहरुका सम्बन्धमा यस अघिकै कार्यपालिकाको निर्णयलाई निरन्तरता दिने गरी विद्यालय र सम्बन्धित व्यवसायिहरु वीच आपसी सहमतीका आधारमा नियमानुसार प्रचलित दरमा घरभाडा उठाउने र नियमानुसार कर गाउँपालिकामा बुझाउने गरी आवश्यक निर्णय गरियो ।

- **विधालय रंगरोगन सम्बन्धमा ।**

यस गाउँपालिकाको बजेट किताबको विधालय मर्मत तथा रंगरोगन शिर्षकबाट तपशिलका विधालयलाई रु. २५,०००/- का दरले विधालय मर्मत तथा रंगरोगनको लागि रकम उपलब्ध गराउने निर्णय गरियो ।

१. श्रीरानी मा.वि. बुढिचौर वडा नं. ६

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बङ्गेभुजा, लुम्बिनी प्रदेश, नेपाल २०७३

नग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

- खड्गेश्वरी मा.वि. दर्भान, वडा नं. २
- ऐश्वर्य ने.रा.प्रा.वि. भिग्रिखोला, वडा नं. ६

- **गनाहा बस्ती सम्बन्धी पत्र सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं. २ को गनाहा बस्तीमा रहेको गनाहा खोलामा नदिजन्य पदार्थ (ढुंगा, वालुवा, गिट्टी, मिस्कट र माटो) थुप्रिन गई खोलाको सतह बढन गई यसबाट सिङ्गगो बस्ती नै विपदको जोखिममा रहेको र आवश्यक पहल कदमीको लागी मिति २०८२।१०।८ मा सम्बन्धित टोल विकास समितिको निर्णयबाट लेखी आएको हुदाँ सम्बन्धित बस्तीको खोलाको स्थलगत अनुगमन गरी आवश्यक प्रकृया अगाडी बढाई दिनको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा लेखि पठाउने निर्णय गरियो ।

- **प्राविधिक स्वयंसेवक माग सम्बन्धमा ।**

यस गाउँपालिकामा तपशिलका विषयक्षेत्रमा काम गर्ने प्राविधिक स्वयंसेवकको लागि प्राविधिक सहायता LoCAL परियोजनाको समन्वयमा अष्ट्रेलियन दुतवासमा अनुरोध गर्ने निर्णय गरियो ।

- सिभिल ईन्जिनियर- १ जना
- जलवायु परिवर्तन र विपद ब्यबस्थापन सहजकर्ता- १ जना
- सरसफाई अभियानकर्ता – १जना

- **योजना संशोधन सम्बन्धमा ।**

यस गाउँपालिको चालू आ.ब.को वडा नं १ को भन्डारी टोल सिचाई ईनार ( बजेट रु. ५०,०००) योजनालाई संशोधन गरी भन्डारी टोल सिचाई योजना नामाकरण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

- **योजना मर्मत संभार सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाको झिलिवाङ्ग-दोमई मो.बा. मर्मतको लागि यस गाउँपालिकाको सडक बोर्ड नेपाल कार्यक्रम साझेदारी रकम शिर्षकबाट रु. ७०,०००/- रकमान्तरण गरी खर्च गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/१०/२३

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बङ्गेभुजा, लुम्बिनी प्रदेश, नेपाल २०७२

नग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष



CamScanner